# ईन्जिनियरिङ  सेवामा कार्यरत कर्मचारीहरुको फिल्ड सुविधा कार्यविधि,२०८०

**कार्यपालिकाबाट पारित मिति २०८०।०९।११**

**<u>प्रस्तावना :-</u>**

गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजना स्थलमै जानुपर्ने गरी सञ्चालित हुने विकास योजना तथा कार्यक्रममा हुने प्राविधिक कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न वान्छनीय भएकाले **स्थानीय सरकार सञ्चालन ऐन,२०७४** को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सिद्धकुमाख गाउँकार्यपालिकाले यो ईन्जिनियरिङ सेवा तर्फका **प्राविधिक कर्मचारी फिल्ड  सुविधा कार्यविधि,२०८०** जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम ईन्जिनियरिङ सेवा तर्फका “प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि,२०८०” रहेको छ ।

ख) यो कार्यविधी गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**<u>२.परिभाषा : -</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) योजना भन्नाले सिद्धकुमाख गाउकार्यपालिका भित्र संञ्चालित योजनाहरु बझ्नुपर्नेछ ।

ख) “कार्यालय” भन्नाले सिद्धकुमाख गाउकार्यपालिकाले कार्यालय सम्झिनु पर्दछ ।

ग)**“समिति”** भन्नाले उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ।

घ) प्राविधिक कर्मचारी भन्नाले ईन्जिनियर, सब ईन्जिनियर, अस्सिटेन्ट सब ईन्जिनियर खा.पा.स.टे.(पाँचौ/चौथो) र अमिन लगायतका इन्जिनियरिङ सेवा तर्फका कर्मचारीलाई सम्झनुपर्दछ।

**३.फिल्डमा प्राविधिकले गर्नुपर्ने कामकाज**

यस कार्यविधि बमोजिम योजनाको लगत ईस्टिमेट तयार गर्ने, रनिङबिल तयार गर्ने, अनुगमन गर्ने, कार्यसम्पादन स्तर जाँच गर्ने वा नापि किताब तयार पार्ने वा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने वा योजना सम्पन्न भै सके पश्चात जुनसुकै अवस्थामा  प्राविधिक कर्मचारी फिल्डमा गई प्राविधिक कामकाज गरेमा फिल्ड कामकाज गरेको मानिनेछ ।

**४.फिल्ड खटिएको हुनु पर्नेः-**

फिल्ड भत्ता दावी गर्ने प्राविधिक कर्मचारीले महिनामा कम्तिमा ७ दिन फिल्ड काम गरेको हुनुपर्नेछ। फिल्डमा खटिने कर्मचारीले अनिवार्य रुपमा कार्यालयबाट अनुसुची २ बमोजिमको फिल्ड आदेश स्वीकृत गराइ त्यसको अभिलेख समेत शाखामा राख्नु पर्नेछ ।

**५.  प्रतिवेदन पेश गर्नुपर्ने :-**

दफा ३ मा उल्लेखित मध्ये जुन योजनाका लागि जुन काममा खटिई गएको हो सो कामको नियमानुसारको प्रतिवेदन फिल्डबाट फर्किएको ३ दिनभित्र तयार गरी गाउँकार्यपालिको कार्यालयमा पेश गर्नुपर्नेछ।

**६. फिल्ड आदेश र योजनागत फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेः-**

६.१ प्राबिधिक कर्मचारीले फिल्ड जानु परेमा अनुसुचि २ को ढाँचामा अधिकार प्राप्त अधिकारीको स्वीकृति लिएरमात्र जानु पर्नेछ ।

६.२प्राविधिक कर्मचारीले अघिल्लो महिनामा योजना अनुगमन तथा भर्मण प्रतिवेदन अर्को महिनाको सात गते भित्र अनुसूची-१ को ढाँचामा मासिक फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ।

**७.फिल्ड सुबिधामा बन्देज गरिने :-**

७.१ दफा ५ बमोजिमको प्रतिवेदन र दफा ६ बमोजिमको फिल्ड आदेश तथा फाँटबारी पेश नगरेको वा यस कार्यविधि बमोजिमको प्रकृया पुरा नगरेको ठहरेमा त्यस्तो कर्मचारीलाई फिल्ड भत्ताको सुविधा उपलब्ध गराइने छैन ।

७.२ यस कार्यविधिमा अनेत्र जुनसुकै कुरा उल्लेख भएको भएता पनि ७ दिन भन्दा बढि विदा बसेको हकमा काज अबधिमा प्राबिधिक फिल्ड भत्ताको सुविधा उपलब्ध गराइने छैन ।

**८.फिल्ड सुविधा :-**

८.१ दफा ५ बमोजिम प्रतिवेदन स्विकृत भैसकेपछि प्राविधिक कर्मचारीहरूलाई निजको खाइपाइ आएको शुरु तलव स्केलको मासिक २० प्रतिशतले १२ महिना बरावरको फिल्ड भत्ता उपलब्ध गराईनेछ।

८.२ प्राविधिक कर्मचारीले आफले महिनाभरमा काम गरेको प्राविधिक प्रतिवेदन तथा यस कार्यविधि बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसुची १ को निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ।

८.३ यसरी उपलब्ध गराईने फिल्ड भत्ताको रकम सिद्धकुमाख गाउपालिकाको गाउँसभाबाट पारित बजेट शिर्षक वा योजनाहरुको कन्टिन्जेन्सि वापतको शिर्षकबाट मात्र भुक्तानी गरिनेछ।

**९.कार्यबिधि बमोजिम भएको हुनेः-**

यो कार्यविधि स्वीकृत हुन पुर्व गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार भएको फिल्ड भत्ता भुक्तानी यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**१०. भुक्तानी हुने**

२०८० साल श्रावण १ गते देखि फिल्ड कामकाजमा खटिइ अनुसुची १ बमोजिम फिल्ड प्रतिबेदन कार्यालयमा पेश भएका प्राविधिक कर्मचारीहरुले कार्यबिधिको दफा ८(१) बमोजिमको प्राबिधिक फिल्ड भत्ता बापतको रकम प्राप्त गर्ने छन् ।

**११.बाधा अड्काउ फुकाउने अधिकार :-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार सिद्ध कुमाख गाउँ कार्यपालिकालाई हुनेछ ।

**१२.संशोधनः-** यस कार्यविधिमा संसोधन गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रहि सिद्धकुमाख गाउँकार्यपालिकाको हुनेछ ।

**अनुसूची १**

**<u>दफा ६ सँग सम्बन्धित</u>**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिद्धकुमाख गाउँपालिका सल्यान ।

**विषय** :- मासिक फिल्ड भ्रमण फाँटवारी ।

मितिः २०८० साल ........... मा यस गाउपालिका अन्तर्गतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ।

| सि.न. | फिल्ड भ्रमण गरेको वडा नं. र ठाउँ | योजनाको नाम | मिति | उद्धेश्य | प्रतिवेदन पेश गरे/नगरेको | शाखा प्रमुखको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने
नाम थर
दर्जा
हस्ताक्षर

सिफारिस गर्ने
नाम थर
दर्जा
हस्ताक्षर

**अनुसूची २**

**<u>दफा ४ सँग सम्बन्धित</u>**

श्री ..............................................                                        मितिः .................................

सिद्धकुमाख गाउँपालिका सल्यान ।

<u>**विषय** :- प्राबिधिक फिल्ड आदेश सम्बन्धमा ।</u>

तपाईलाई गाउँपालिकाको विभिन्न स्थानमा कामकाजमा खटिनु पर्ने भएकोले देहाय बमोजिम फिल्ड आदेश गरिएको छ । फिल्डको कामकाज सम्पन्न भए पश्चात नियमानुसार प्रतिबेदन पेश गर्नुहोला ।

१. फिल्डमा खटिएको स्थान :- ..........................................................................................................................

२. फिल्डमा खटिएको मितिः- ........................................देखि ........................................................... सम्म

३. फिल्डमा सम्पादन गर्नु पर्ने मुख्य कार्यहरु :-

क)..........................................................................................................................................................

ख)........................................................................................................................................................

ग).........................................................................................................................................................

घ)..........................................................................................................................................................

.......................................

**फिल्ड खटाउने अधिकारी**